ISSN 2676–1297
**Volume 8** **Issue 15** **April/May 2026**

# मोदिआइन उपन्यासमा मिथकीय विषयवस्तु

**बद्रीप्रसाद ढकाल**
**अनुसन्धाता**
bbiibash@gmail.com

*अध्ययनसार*

*उपन्यासकार विश्वेश्वरप्रसाद कोइराला मिथकीय धाराका उपन्यासकार हुन् । उनको मोदिआइन महाभारतको मिथक कथालाई उपजीव्य बनाएर रचिएको उपन्यास हो । यस उपन्यासको मुख्य विषय महाभारतमा रहेको पाण्डव र कौरवको विवाद, तिनका बिचमा भएको भीषण युद्ध र त्यो युद्धमा कृष्ण र अर्जुनले निर्वाह गरेको भूमिकाको प्रसङ्गसहित युद्ध र युद्धउत्तर कथाको समष्टि कथाको विषयवस्तु हो । यिनै घटनाहरूसँग सन्दर्भित गरेर उस उपन्यासमा नारी मनोदशा र तिनको अवस्थालाई चित्रित गरिएको छ । यति भएर पनि महाभारतकालीन नारीहरूले विभिन्न युगमा प्रेतात्मा रूप धारण गरेको, कृष्णले विराट स्वरूप लिएको यस्तो स्वरूप देखेर अर्जुन युद्धका लागि तम्तयार भएको भन्ने जस्ता घटना र प्रसङ्गहरूले उपन्यासको कथावस्तुलाई अघि बढाएका छन् । लघु संरचनामन बहुल पात्रको प्रयोग उपन्यासको विशेषता बनेर आएको छ । यसमा मिथक भित्र मिथक बाहिरका गरी दुवै प्रकारका पात्रहरूको प्रयोग भएको छ । कृष्ण, अर्जुन, युधिष्ठिर, दुर्योधन, भीम, द्रौपदी, दुःशासन, द्रुपद,विराट, सात्यकि आदि थुप्रै पात्रहरू मिथकका पात्रहरू हुन् । नारी मिथकमा उल्लिखित पात्र नभए पनि उसले महाभारतकालीन नारीकै प्रतिनिधित्व गरेकी छ भने 'मोदिआइन'लाई महाभारतकी नारीकै पुनर्जन्मका रूपमा देखाइएको छ । त्यसैले नारी र मोदिआइन मिथकसँग सम्बन्धित पात्रका रूपमा देखापरेका छन् । म पात्र, मिसिरजी, मोदी आदि मिथक बाहिरका पात्रहरू हुन् । मूल रूपमा उपन्यासले महाभारतमा रहेको पाण्डव र कौरवको मिथकबाट हिंसा विरोधी र मानवतावादी विचारलाई प्रक्षेपण गरेको विषयलाई मिथकीय विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ भन्ने निष्कर्ष रहेको छ ।*

**मुख्य शब्दावली** : मिथकीय विषय, उपजीव्य, युद्धउत्तर, पुनर्व्याख्या, मानवतावादी ।

**विषयपरिचय**

विश्वेश्वरप्रसाद कोइराला (१९७१-२०३९) को साहित्यिक योगदान कथा र उपन्यासका क्षेत्रमा रहेको छ । विश्वेश्वरप्रसाद कोइराला नेपाली उपन्यास परम्परामा मिथकीय धाराका उपन्यासकार हुन् । उनको सुम्निमा (२०२७) बाट नेपाली उपन्यास परम्परामा मिथकीय धाराको सुरूवात भएको हो । हालसम्ममा नेपाली साहित्यमा थुप्रै मिथकीय उपन्यासहरू रचना भइसकेका छन् । विश्वेश्वरप्रसाद कोइरालाका *मोदिआइन* मिथकीय विषयवस्तुमा आधारित उपन्यास हुन् । उनको उपन्यासले महाभारतमा रहेको पाण्डव र कौरवको मिथकलाई विषयवस्तुका स्वरूपमा ग्रहण गर्दै त्यसको पुर्नव्याख्या गरेको छ । यसले प्राचीन विषयवस्तुलाई नयाँ सन्दर्भमा ढालेर युद्ध र हिंसाको विरोध गरेको छ । शान्ति र मानवताको पक्षमा आफूलाई दृढतापूर्वक उभ्याएको छ । यस उपन्यासमार्फत प्राचीन विषयवस्तुलाई नयाँ सन्दर्भ ग्रहण गरी त्यसका माध्यमबाट नयाँ विचार प्रवाहित गर्न सक्नु कोइरालाका उपन्यासको सामर्थ्य बनेर आएको छ । मोदिआइन वा नारीको जीवनको केन्द्रीयतामा युद्धले निम्त्याउने मानव पीडा, मानव विनाश, र मानव दुर्दशालाई अभिव्यक्त गरेको छ । यसमा महाभारतको हिंसाले मानव जीवनमा विशेष गरी नारीको जीवनमा निम्त्याएको पीडालाई मात्र चित्रण गर्दै हिंसा अमानवीय हुने दृष्टिकोण समेत प्रस्तुत गरिएको छ ।

*मोदिआइन* महाभारतको मिथकलाई आधार बनाएर रचना गरिएको उपन्यास हो । यसमा महाभारतको आदि पर्वदेखि सौप्तिक पर्वसम्मका घटना र विषयवस्तु आएका छन् । मुख्य गरी यस उपन्यासको विषय भीष्म पर्वमा केन्द्रित छ । यसले सङ्क्षिप्त संरचनामा महाभारतको विस्तृत परिवेश र व्यापक घटनाक्रमहरूलाई आत्मसात् गरेको छ । धेरैजसो ठाउँमा महाभारतका घटनाहरूलाई सूक्ष्म रूपमा प्रस्तुत गरिएको छ । मिथकीय विषयमा सामान्य अर्थदेखि विशिष्ट अर्थसम्म साहित्यिक सन्दर्भमा प्रयोग भएको देखिन्छ । पुराकथा, पुराकथात्मक ढाँचा, पौराणिक पात्र, परिवेश, लोकविश्वास,

आद्यरूपीय बिम्ब-प्रतीक, अद्भूत रहस्यगर्भित विषयवस्तु आदि अनेक सन्दर्भले मिथकीय स्वरूप प्राप्त गरेको छ। सामान्य घटना पनि लोकविश्वासका कारणले लोकोत्तर गुणसन्धान भएर मिथकीय रूपमा प्रयोग भएको छ। कुनै पनि वास्तविक घटना, परिवेश, व्यक्ति आदि लोकमानसद्वारा अतिशय श्रद्धाभावका कारण अतर्क्य आस्थामा रूपान्तरण गरिएपछि त्यसले पनि मिथकीय रूप धारण गरेको छ। मिथकको मूलमा लोकको अतर्क्य आस्था नै कारण बनेको देखिन्छ। नेपाली समाजमा मिथकीय मान्यता प्राप्त गरेका वस्तुहरूमा पौराणिक प्रसङ्ग, अनुश्रुतिमूलक परीकथाहरू, धामीझाँक्रीका लोकविश्वासमूलक कथाहरू, जादु, टुनामुना, तन्त्रमन्त्र, सृष्टि सम्बन्धी अनेक कथाहरूजस्ता विषय पर्दछन्। यस्ता अनेक प्रकारका मिथकलाई यस उपन्यासमा उपयोग गरिएको छ। मिथक स्वयंमा भावसत्यका संवाहक मानिन्छन् र उपन्यासीय भाव गाम्भीर्यलाई प्रकाश गर्नका निम्ति मुख्य कथ्य र कथ्यका सहायक भएर प्रयोग भएका देखिन्छन्। यस लेखमा उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको *मोदिआइन* उपन्यासमा प्रयुक्त मिथकीय विषयवस्तुको अध्ययन गरिएको छ।

## मिथकीय विषयवस्तुसम्बन्धी अवधारणा

मिथक शब्द 'मिथ' आधार पदमा संस्कृत भाषाको 'क' प्रत्यय जोडिएर बनेको शब्द हो। अङ्ग्रेजी भाषाको मिथ शब्द ग्रिक भाषाको मुथस वा माइथसबाट व्युत्पन्न भएको हो र यसको मूल अर्थ मुखबाट उच्चारित वाणी भन्ने हुन्छ। समयको परिवर्तनसँग मूल अर्थमा परिवर्तन भएर आप्त वचन, अतर्क्य कथन, कथा, धार्मिक कथा, असत्यकथा, ब्रह्माण्डको रहस्य बुझाउने कथा हुँदै जीवन र जगत् सम्बन्धी विशेष धारणा एवं पुराकथाका माध्यमद्वारा समसामयिक चेतनाको बोधजस्ता विभिन्न अर्थमा मिथ वा मिथक शब्द प्रचलित भएको पाइन्छ। मिथकको व्युत्पत्तिलभ्य अर्थ, कोशीय अर्थ र परिभाषाबाट प्राप्त अर्थलाई केलाउँदा ये ज्ञानविज्ञानका अनेक शाखामा व्याप्त रहेको र अनेक अर्थलाई बहन गर्ने शब्दका रूपमा प्राप्त गरेको वस्तुविन्यासको ढाँचाका रूपमा रहेको देखिन्छ। यसबाट के बुझिन्छ भने मिथक रचनाकारमा संस्कारगत रूपमा प्राप्त मनोरचनाकै विषयवस्तु र साहित्यको संरचक आधार हो र यो साहित्यसँग अविभाज्य रहेको हुन्छ। यसको उत्पत्ति मानव चेतना जत्तिकै पुरानो भएको देखिन्छ। मिथकको उत्पत्तिका सम्बन्धमा अनेक मत भए पनि वायुमण्डलीय सिद्धान्त, भौतिक सिद्धान्त, नैतिक सिद्धान्त र रहस्यवादी-रूपकवादी सिद्धान्त रहेका छन्। मिथकलाई आठ प्रकारमा वर्गीकरण गरिएको छ। सृष्टिविषयक, उत्पत्तिसम्बन्धी, प्रलयसम्बन्धी, दिव्य र अदिव्यसम्बन्धी, प्रणय, आदर्श, सांस्कृतिक रूपान्तरण र प्रकृतिसम्बन्धी मिथकका रूपमा वर्गीकरण गरिएको छ।

आदिम मानवले अनुभूत गरेका र मिथकका रूपमा निर्माण गरेका आदिम रूपहरू संसारभरि नै समानरूपले पाइन्छन्। हरेक संस्कृतिमा पाइने यी रूपहरूबाट संसारभरि नै मानिसको चिन्तन एकै किसिमको रहेको कुरा आधुनिक मिथकविश्लेषकहरूको रहेको छ। विशेष गरेर मानवशास्त्रको र मनोविज्ञानको खोजीले प्राचीन मानवका क्रियाकलापतर्फ विशेष आकर्षण गरेको छ र यिनै शास्त्रको खोजीले मिथकको अर्थ पनि उद्‌घाटन हुन पुगेको छ। प्राचीन मानवका क्रियाकलापमा पाइने सामूहिक कर्मकाण्डीय ढाँचा र तिनमा पाइने विश्वजनीन चेतनाको कार्यव्यापारले मानवको यस ब्रह्माण्डसम्बन्धी चिन्तन, आफू बाँचेको परिवेश, ग्रह-नक्षत्र, वर्षचक्र, दिनरात, सृष्टि र विनाशसम्बन्धी मान्यताजस्ता पक्षमा संसारभरि नै उस्तै चिन्तन भएको पाइन्छ। यसरी अज्ञात समयदेखि मानवले प्रकृतिको साहचर्यमा प्राप्त गरेका अनेक अनुभव र त्यसबाट उसको मनोजगत्‌मा घटित हुने अनेक मानसिक परिघटनाहरूको अध्ययनमा मिथक महत्त्वपूर्ण साधन भएकाले आधुनिक युगमा मिथकतर्फ विद्वान्‌हरूको ध्यान गएको पाइन्छ। यसले साहित्य-चिन्तनमा पनि उत्तिकै प्रभाव पारेको छ। साहित्यको समालोचनामा मात्र होइन सिर्जनामा पनि यसले गम्भीर प्रभाव पारेको पाइन्छ।

पूर्व र पश्चिमका साहित्यमा मिथकको प्रशस्तै प्रयोग भएका पाइन्छन्। सी.जी.युङ्गका अनुसार, आर्किटाइप विरासतमा प्राप्त क्षमताहरू हुन् जुन वास्तविक हुन्छन्। जब उनीहरू छविको रूपमा चेतनामा प्रवेश गर्छन् (युङ्ग, सन् १९८५, पृ.२०६) आर्किटाइप र मनोविज्ञानको सम्बन्धलाई स्पष्ट पार्दै आर्किटाइप र सामूहिक अचेतनको चर्चा भएको छ। उनको मनोविज्ञानमा सामूहिक चेतनाको अत्यधिक विकसित तत्त्व हो भन्ने धारणा पाइन्छ। आर्किटाइपको अस्तित्व कथा, कला, मिथक, धर्म, या सपनाका माध्यमबाट अनुमान हुन्छ भनेका छन्। उनका अनुसार आद्यरूप सामूहिक अचेतनमा उत्पत्ति हुने र स्वप्नका माध्यमबाट व्यक्त हुने मानसिक ऊर्जाका रूप हुन्। युङ्गले आद्यरूपलाई प्लेटोको इडिपस शब्दको प्रतिरूपका अर्थमा लिएका छन् र त्यसलाई प्लेटोका आध्यात्मिक अर्थबाट भिन्न गर्दै स्वप्नका सन्दर्भबाट बढी वस्तुगत

ढङ्गले अर्थ्याउने काम गरेका छन् । उनका अनुसार आद्यरूपहरू सामूहिक अचेतनमा रहने परम्परागत विषयवस्तु हुन् र ती विषयवस्तु कथात्मक ढाँचाका मिथकका माध्यमबाट व्यक्त हुने धारणा पाइन्छ (युङ्ग, सन् १९८५, पृ.२०७) । यस धारणाअनुसार मिथकको बाहिरी रूप कथात्मक ढाँचाको र काल्पनिक किसिमको देखिए पनि तिनमा मनको गम्भीर आद्यरूपीय अर्थ लुकेको हुन्छ ।

युङ्गले आद्यरूपलाई 'पुरातन अवशेष' का रूपमा मान्दै जसलाई 'पुरातन प्रकार' वा 'मौलिक छविहरू' भनेका छन् । आर्किटाइप प्रायः निश्चित पौराणिक चित्र वा रूपाङ्कन को अर्थ हो तर सचेत प्रतिनिधित्वभन्दा बढी केही होइन भन्दै आर्किटाइप एक आकृति–प्रतिनिधित्वका रूपमा यस्तो प्रस्तुतीकरणको रूपमा एक प्रवृत्ति मानिएको छ। उनको यस भनाइ वा धारणाबाट आद्यरूपको अभिलक्षण मनोविज्ञान तथा स्वप्न सिद्धान्तसँग पनि नजिक रहेको छ । मानिसको आदिमपनको खोज र विश्लेषणमा यो सिद्धान्त मूल रहेको थाहा हुन्छ । युङ्गले मनोवैज्ञानिक ढाँचाबाट आर्किटाइपलाई जन्मजात, विचार, सार्वभौमिक प्रोटोटाइपका रूपमा अवलोकन र व्याख्याका लागि प्रयोग गर्न सकिन्छ भन्ने धारणा राखेका छन् ।

मिथक वा आद्यरूपको सैद्धान्तिक आधार तयार गर्ने काम सी.जी. युङद्वारा भएको देखिन्छ भने त्यसको साहित्यमा प्रयोग गर्ने प्रथम व्यक्ति मड बोड्किन हुन । बोड्किनको अनुसार एउटा कृतिको अध्ययन गर्दा वा अनेक कृतिहरूको अध्ययनमा भिन्न भिन्न पाठकले अनुभव गर्ने समान ढाँचा नै आद्य रूप हो (बोड्किन, सन् १९३४, पृ.२९) । यसबाट आद्यरूप साहित्यिक कृतिमा पाइने सार्विक रूपका अर्थमा प्रयोग भएको देखिन्छ ।

मिथकीय आद्यरूप र साहित्यको गम्भीर सम्बन्ध स्थापित गर्ने समालोचकका रूपमा नर्थ्रप फ्राइ मानिन्छन् । उनले साहित्यको मूल ढाँचालाई आद्यरूप स्वीकारेका छन् भने यस्ता आद्यरूपीय ढाँचा मिथक र रूपक हुने उल्लेख गर्दै फ्राइद्वारा खानपिन, खोजी वा यात्रा, प्रकाश र अन्धकार, यौन वा विवाहजस्ता सार्वभौम बिम्बहरू आद्यरूपीय भएको उल्लेख गरेको पाइन्छ (फ्राइ, सन् १९७४, पृ.११८) । आद्यरूपको अध्ययन गर्ने क्रममा फ्राइ मानवशास्त्री फ्रेजर र मनोवैज्ञानिक युङका आद्यरूपीय धारणाभन्दा पृथक् देखिन्छन् ।

मिथकीय आद्यरूप वा आर्किटाइपको चर्चा गर्दा स्कटिश मानवशास्त्री सर जेम्स जर्ज फ्रेजरद्वारा लिखित, सांस्कृतिक पौराणिक कथाहरूमा पाइन्छ। फ्रेजरको धारणामा आदिम धर्महरू र आधुनिक धर्महरूको बिच साझा अभ्यास र पौराणिक विश्वासको पहिचान हुने गर्दछ। फ्रेजरको तर्क छ कि मृत्यु-पुनर्जन्म मिथक लगभग सबै सांस्कृतिक पौराणिक कथाहरू मा उपस्थित छ, र बढ्दो मौसम र वनस्पतिको सन्दर्भमा कार्य गरिन्छ (फ्रेजर, सन् १९६३, पृ.२४५) । पौराणिक कथा देवताको मृत्यु र पुनर्जन्मद्वारा प्रतिबिम्बन गर्दै उनले ग्रीक मिथकको चर्चा गरेका छन् । उनको यस पुस्तकमा आद्यरूपको मूल मान्यमा ग्रीक मिथोलोजीसँग निकट रहेको र त्यसले निर्माण गरेको सामाजिक सम्बन्धलाई देखाउन खोजिएको छ।

मोरालेसले ग्रिक र रोमन आद्यबिम्बहरू बुझ्न त्यसबेलाको समाज र सांस्कृतिक परिवेश पनि नियाल्नु पर्छ भन्ने धारणा व्यक्त गरेका छन् । उनले एउटा आद्यबिम्बको अर्को आद्यबिम्बसँग सापेक्षिक सम्बन्ध रहने कुरामा जोड दिएका छन् । मोरालेसले ग्रीक र रोमन समाज, संस्कृति र साहित्यमा प्रयुक्त मिथकीय आद्यरूपहरू दैवी कथाहरू मात्र नभएर असल कथाहरू पनि हुन् भन्दै तिनको महत्त्व आजको मानव समाजमा पनि रहेको बताएका छन् (मारोलिस, सन् २००७, पृ.३३३) । मोरालेसले यस पुस्तकमा आद्यरूप र त्यसले पारेको सामाजिक अवस्थालाई चित्रण गरेको छ।

मिथक एक सैद्धान्तिक दृष्टिकोणबाट रहिआएको छ । मिथकहरूमा सामूहिक सपनाको रूपमा, एक प्रकारको एस्थेटिक खेलको परिणामको रूपमा, वा अनुष्ठानको आधारको रूपमा रही आएका छन् । मिथकीय आधारमा पौराणिक आँकडाहरूलाई व्यक्तिकृत अमूर्त, दिव्य नायक, वा पतन देवताहरूको रूपमा मानिन्छ। मिथक वा आद्यरूपमा जुनसुकै परिकल्पनालाई पौराणिक कथाहरूलाई प्रदर्शन लागि विषयवस्तु मानिन्छ (स्ट्रास, सन् १९८६, पृ.११२२) ।

मिथकको मानव जीवनमा हरेक बोधगम्य सम्बन्ध पाउन सकिन्छ । मिथकसँग सबैकुरा सम्भव हुन्छ । तर अर्कातर्फ, यो स्पष्ट र व्यापक रूपमा विभिन्न क्षेत्रहरूमा सङ्कलित मिथकहरू बीच सम्बन्ध राख्दछ। मिथकको सामग्री आकस्मिक होइन, मिथका रहेको तथ्य विश्वजनीन छन् । मिथकको प्रकृतिसँग सम्बन्धित एक आधारभूत एन्टीनोमीको यो जागरूकता हो कि हामीलाई यसको समाधानतिर नेतृत्व गर्न सक्छ भन्ने धारणा स्ट्रासले राखेका छन् (स्ट्रास, १९८६,

पृ.११२३) । यसरी मिथक र आद्यरूपको सिद्धान्त निर्माणमा क्लाउड लेवी-स्ट्रासले महत्त्वपूर्ण भूमिका निर्माण गरेका छन् ।

आद्यरूप शब्द अङ्ग्रेजी आर्केटाइप्सको नेपाली रूपान्तर हो । अङ्ग्रेजी 'आर्केटाइप्स' शब्द ग्रिसेली 'आर्की' र 'टाइपस' शब्दहरूको संयोजनबाट बनेको देखिन्छ र ग्रिसेली 'आर्की' को अर्थ आदि, आरम्भ, पहिले, नमुना, उदाहरण वा दृष्टान्त र 'टाइपोस' को अर्थ छाप भन्ने हुन्छ (शर्मा र लुइटेल, २०६१, पृ.१९६) । यस व्युत्पत्तिबाट अङ्ग्रेजी आर्केटाइपको अर्थ मूल रूप भन्ने देखिन्छ । आद्यरूपको पर्यायवाची शब्दका रूपमा आदिमप्रकार, आदिप्रकार, आदिबिम्ब, आद्यबिम्ब, आदिम मनोबिम्बजस्ता शब्दहरू प्रयोग भएका पाइन्छन् (त्रिपाठी, २०५८, पृ.१८५) ।

प्रस्तुत लेखमा मिथकीय सिद्धान्तमा पौरस्त्य मिथकका सैद्धान्तिक अवधारणासहित पाश्चात्य सि.जी युङ्ग, मड बोड्किन, नर्थप फाई, जेम्स फ्रेजर, मोरालिस र क्लाउड लेवी-स्ट्रास आदि विद्वान्का स्थापित मिथकीय सैद्धान्तिक मान्यतालाई आधारका रूपमा प्रयोग गरिएको छ । साहित्यमा मिथकका विविध अर्थलाई अभिव्यक्त गर्ने सामर्थ्य रहेको हुन्छ । कुनै पनि देशको साहित्य आफ्नो मिथकीय परम्परामा सम्बद्ध रहेको हुन्छ । मिथक र साहित्यको सम्बन्ध नजिक रहेको छ । साहित्यकारले मिथकका माध्यमबाट आफ्नो जातिको वैयक्तिक वा सामूहिक भाव वा विश्वासलाई बाँडिदिन्छ (बड्किन, १९९०, पृ.२३२) । पूर्व र पश्चिम दुवै तर्फका साहित्यका लागि मिथक स्रोतको रूपमा रहेको छ । यो साहित्यका लागि सुन्दर प्रभावशाली र कलात्मक अभिव्यक्तिको आधार हो । कृतिलाई सार्वभौम, सर्वकालिक बनाउनका लागि मिथकको प्रयोग गर्ने प्रवृत्ति बढ्दै गएको पाइन्छ । नेपाली साहित्यमा पनि यस्ता थुप्रै कृतिहरू देखा पर्दछन् जसले मिथकको प्रयोगबाट युगीन र सार्वभौम सत्यलाई उद्भाषित गर्न सक्षम भएका छन् ।

मिथक मानवीय परिकल्पनाको प्रथम प्रस्फुटन हो । आदिम मानवले आफ्नो ब्रह्माण्डसँगको साहचर्यबाट प्राप्त गरेको ज्ञान, अनुभव र तिनको एकीकृत संयोजन मिथकका माध्यमबाट व्यक्त गरेको छ । त्यसैले मिथकलाई एकीकृत ज्ञानका रूपमा लिइएको पाइन्छ । अन्य किसिमका ज्ञानको विभाजन हुनुपूर्व संसारमा सम्पूर्ण ज्ञानको एकीकृत अवस्था रहेको कुरा मिथकमा निहित विषयगत व्यापकताले देखाएको छ । आदिम जङ्गली अवस्थामा हुँदा वा मानिसको यस संसारसँगको प्रथम साहचर्यबाट नै उसले अनुभूत गरेका कुरा नै मिथकका माध्यमले प्रस्फुटन भएको हुँदा यो अनेक किसिमका विधाहरूको सम्मिश्रित रूप हो । यसलाई सम्पूर्ण विधाहरूको जननी विधाका रूपमा लिन सकिन्छ । विकोको भनाइ अनुसार सभ्य संसारका मानिसले जेजति ज्ञानविज्ञानको खोजी गरेको छ ती सबै तिनै आदिम जङ्गली मानिसहरूकै अध्ययनबाट गरेको हो । यस अर्थमा ज्ञानविज्ञानका हरेक क्षेत्रमा प्रत्यक्ष वा अप्रत्यक्षरूपमा मिथकको भूमिका र प्रभाव रहेको छ त्यसैले तिनमा मिथकीय गुण पनि विद्यमान रहेको हुनु स्वाभाविक नै हो । यस अर्थमा मिथकको कला, साहित्य, धर्म, इतिहास, लोकसाहित्य, कर्मकाण्ड-अनुष्ठानलगायतका ज्ञानविज्ञानका क्षेत्रसँग कुनै न कुनै रूपमा सम्बन्ध रहेको पाइन्छ । अझ मानवीय संवेदनाका विषय भएका कला-साहित्य, धर्म, संस्कार-संस्कृतिसँग त यसको वंशानुगत सम्बन्ध रहेको छ । यस सत्यलाई समाजशास्त्र र मनोविज्ञानको खोज-अनुसन्धानले सत्यापित गरेको छ । पश्चिममा वैज्ञानिक खोज-अनुसन्धानले मिथकको रहस्यलाई वैज्ञानिक रूपमा नै व्याख्याविश्लेषण गर्न सुरु गरेको पाइन्छ भने पूर्वमा मिथकको भण्डारस्वरूप भएका पौराणिक कृतिहरूको अध्ययन हुँदै गरेको पाइन्छ । मनोविश्लेषण सम्प्रदायका जन्मदाता कार्ल गुस्ताव युङ्ग यस्ता मिथकीय बिम्बहरूले अनन्त समयसम्म ज्ञानका क्षितिज उघार्न सक्ने धारणा व्यक्त गर्दै किन मानिसले मनोविज्ञानको ढोका पहिले नै खोल्न सकेन भनी आश्चर्य व्यक्त गर्दछन् र यसमा प्रमुख कारण धर्मलाई मान्दछन् । उनका विचारमा हरेक कुराको व्याख्या धार्मिक ढङ्गले भएकाले मनोविज्ञानको ढोका खोल्न विलम्ब भएको हो । समयको प्रवाहसँगै मिथक पनि धुमिल र अस्पष्ट बन्दै गएकाले यसको रहस्य र तात्पर्यार्थ लुप्त भएर यो कपोल कल्पित भ्रान्त र आदिम जङ्गली मान्छेको मनोविनोदका रूपमा रूपान्तरित भएको अवस्थामा यसमा निहित अर्थ मानवशास्त्र र मनोविज्ञान एवं साहित्यिक समालोचनाको क्षेत्रमा विकास भएको प्रतीकवादी दर्शनले उद्घाटन गर्ने काम गरेका छन् । मिथकमा अन्तर्निहित अर्थको खोजी भएपछि यसको सम्बन्ध ज्ञानविज्ञानका अनेक शाखासँग रहेको कुरा स्पष्ट हुन्छ । यहाँ यिनै मिथकीय आधारलाई अध्ययन तथा खोज गर्दै उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको मोदिआइन उपन्यासमा प्रयुक्त मिथकीय विषयवस्तुको अध्ययन गरिएको छ ।

ISSN 2676–1297
**Volume 8** **Issue 15** **April/May 2026**

**मोदिआइन उपन्यासको बनोट**

महाभारतकालीन युद्धलाई प्रमुख विषय बनाई मानवतावादी दृष्टिकोण प्रक्षेपण गरिएको *मोदिआइन* बाह्य संरचनाका दृष्टिले लघु उपन्यास हो । वि.सं.२०५२ सालमा प्रकाशित चौंथो संस्करणमा यसका ६० पृष्ठ रहेका छन् भने वि.सं. २०६४ सालमा प्रकाशित सातौं संस्करणमा ४२ पृष्ठ रहेका छन् । पृष्ठ संख्याले पनि यसको सङ्क्षिप्त संरचनालाई प्रष्ट पार्दछ । यस उपन्यासलाई खण्ड,भाग, परिच्छेद आदिमा विभक्त गरिएको छैन । करिब एक बसाइमै पढिसकिने संरचनामा संरचित भएकोले आजको बेफुर्सदी युगमा छोटो समयमै उपन्यासको पठन र आस्वादन गर्न चाहने पाठकहरूलाई यस उपन्यासले औपन्यासिक सन्तुष्टि प्रदान गर्न सकेको पाइन्छ । कथावस्तुको विन्यासमा घटनाहरू पूर्वापर सम्बन्ध र कार्यकारण शृङ्खलामा शृङ्खलित भएर आएको हुँदा उपन्यासको आन्तरिक संरचना सुगठित रहेको छ ।

उपन्यासले व्यापक विषयवस्तुलाई आत्मसात् गरेको छ । सङ्क्षिप्त बाह्य संरचनामा व्यापक विषयवस्तुलाई प्रस्तुत गर्न सक्नु उपन्यासको विशेषता बन्न पुगेको छ । यसमा मिसिरजी र म पात्र दरभङ्गामा पुगेको, मोदिआइनले म पात्रलाई कथा सुनाउन थालेको, कथा सुनाउने क्रममा हडहा तलाउको मछुवारिन र तान्त्रिक वृत्तान्त सँगै पाण्डव कौरवको विवाद, कृष्णको भूमिका, युद्धका विभीषिका र त्यसको प्रभावबाट पीडित नारीका पीडा र व्यथालाई जीवन्त रूपमा प्रस्तुत गरिएको छ । समग्रमा यस उपन्यासले मोदिआइन वा नारीको जीवनको केन्द्रीयतामा युद्धले निम्त्याउने मानव पीडा, मानव विनाश, र मानव दुर्दशालाई अभिव्यक्त गरेको छ । यसमा महाभारतको हिंसाले मानव जीवनमा विशेष गरी नारीको जीवनमा निम्त्याएको पीडालाई चित्रण गर्दै हिंसा अमानवीय हुने लेखकीय दृष्टिकोण प्रस्तुत गरिएको छ ।

'मोदिआइन' महाभारतको मिथकलाई आधार बनाएर रचना गरिएको उपन्यास हो । यसमा महाभारतको आदि पर्वदेखि सौप्तिक पर्वसम्मका घटनाहरू आएका छन् । मुख्य गरी यो भीष्म पर्वमा केन्द्रित छ । यसले सङ्क्षिप्त संरचनामा महाभारतको विस्तृत परिवेश र व्यापक घटनाक्रमहरूलाई आत्मसात् गरेको छ । धेरैजसो ठाउँमा महाभारतका घटनाहरूलाई सूक्ष्म रूपमा प्रस्तुत गरिएको छ । हस्तिनापुर राज्यको उत्तराधिकारीका लागि पाण्डव र कौरवका बिचमा विवाद उत्पन्न हुन्छ । धृतराष्ट्रले पाण्डवहरूलाई इन्द्रप्रस्थ नामक एक सानो राज्य दिन्छन् । पहिले खाण्डवप्रस्त नाम रहेको त्यो जङ्गलै जङ्गल र उबडखाबड भूमिलाई पाण्डवहरूले सुन्दर नगरमा रूपायित गर्दछन् । उनीहरूले राज्य विस्तार गर्दै आफ्नो राज्यलाई ठूलो, शक्तिशाली र वैभवशाली बनाउँछन् । एक दिन दिव्य सभा भवन हेर्न इन्द्रप्रस्थ पुगेको दुर्योधन पानीलाई जमिन ठानेर हिँड्दा लड्न पुग्छ । त्यो देखेर भीम र द्रौपदी बेस्सरी हाँसि दिन्छन् । दुर्योधन लज्जित बन्दै हस्तिनापुर फर्कन्छ र मामा शकुनिसँग इन्द्रप्रस्थको वैभव र प्रसिद्धिबाट आफू आत्तिएको विचार प्रकट गर्दछ । शकुनिले छली जूवाको आयोजना गरी पाण्डवहरूको सर्वस्व गर्नुपर्ने उपाय सुझाउँछ । मामाको प्रस्तावप्रति खुसी हुँदै दुर्योधनले पिता धृतराष्ट्र समक्ष जूवाको आयोजना गर्न अनुरोध गर्दछ । धृतराष्ट्रले जूवाबाट सर्वनाश हुने र आफ्ना बन्धुहरूसँग द्रोह गर्न नहुने भनेपछि दुर्योधन निकै रिसाउँछ । ऊ जसरी पनि पाण्डवहरूको सम्पत्ति खोस्ने भन्दै बाहिरिएपछि धृतराष्ट्र आत्तिन्छन् । द्यूतक्रीडाका लागि पाण्डवहरूलाई आमन्त्रण गर्न विदुरलाई खटाइन्छ । पाण्डवहरू हस्तिनापुर पुग्छन् । युधिष्ठिरले आफूलाई जूवा खेल्न पनि नआउने र इच्छा पनि नभएको विचार प्रकट गरेपछि शकुनिले लडाइँ गर्नु, जूवाखेल्नु नृपको कर्तव्य भएको भन्दै उक्साउने कार्य गर्दछ । तत्पश्चात् द्यूतक्रीडा प्रारम्भ हुन्छ । शकुनिको छलकपटका कारण पाण्डवहरूले सम्पूर्ण सम्पत्ति र राज्य हार्दछन् । जूवामा पाँच पाण्डव स्वयम् थपिँदा पनि पराजित भएपछि युधिष्ठिरले द्रौपदीलाई समेत थाप्छन् र हार्दछन् । दुर्योधनले द्रौपदीलाई सभामा ल्याउन विदुरलाई आदेश गर्दछ । उसले पाण्डवहरू आफ्नो दास भएको घोषणा गर्दछ ।

विदुरले यसप्रकारको छलकपटले कुलको संहार गर्ने भन्दै सम्झाए पनि दुर्योधन मान्दैन । द्रौपदीलाई लिन पितृण्यलाई पठाइन्छ । पहिले धर्म-सुतले आफ्नो शरीर दाउमा लगाए कि मलाई लगाए बुझेर आउनुपर्ने कुरो द्रौपदीले राखेपछि पितृण्य फर्कन्छ । तत्पश्चात् दुर्योधनले द्रौपदीलाई ल्याउनका लागि दुःशासनलाई पठाउँछ उसले लछार्दै पछार्दै द्रौपदीलाई सभामा ल्याउँछ । कसलाई पहिला जूवामा हारेको भन्ने द्रौपदीका प्रश्नले पाण्डवहरूको शिर निहुरिन्छ । द्रौपदीको दुःख देखेर क्रोधित भएका भीमले युधिष्ठिरको हात पोलिदिने भन्दै सहदेवलाई आगो ल्याउन आदेश दिन्छन् । अर्जुनले यसलाई रोक्दछन् । दुःशासनले द्रौपदीलाई निर्वस्त्र बनाउँछ । कृष्णले आफ्नो शक्तिका माध्यमबाट साडिको मात्रा बढाउँदै लैजाँदा दुःशासन थकित हुन्छ र लज्जित भएर बस्छ । कर्ण दुर्योधनलाई सय भाइकी पत्नीका रूपमा द्रौपदीलाई घर लिएर राख्ने सल्लाह दिन्छन् । त्यहाँ द्रौपदीलाई के गर्ने भन्ने विषयमा छलफल चल्छ । धृतराष्ट्रले द्रौपदीलाई श्रेष्ठ

बुहारी भन्दै चाहेको वर माग्न भन्दछन् । द्रौपदीले पाँचपाण्डवहरूको मुक्ति र हारेको राज्य फिर्ता गर्ने वर माग्दछिन् । धृतराष्ट्रले द्रौपदीको इच्छा पूरा गरि दिन्छन् ।

धृतराष्ट्रले हारेको सम्पत्ति र राज्य फिर्ता गरिदिएपछि पाण्डवहरू इन्द्रप्रस्थ गएर बस्न थाल्दछन् । दुर्योधनले ज्यादै कर गरेपछि धृतराष्ट्रले पाण्डवहरूलाई जूवामा पूनः आमन्त्रण गर्नका लागि प्रतिकामीलाई इन्द्रप्रस्थ पठाउँछन् । जूवामा पुनः सहभागी हुँदा पाण्डवहरूले सर्वस्व गुमाउँछन् । उनीहरू वनबासतर्फ लाग्दछन् र बनवासका क्रममा उनीहरू काम्यक वन, द्वैत वन, हुँदै र तीर्थव्रत गर्दै राजा विराटकहाँ पुग्दछन् । उनीहरूको वनबास र गुप्तबास सकिएपछि कृष्णको सल्लाहअनुसार एउटा सभा डाकिन्छ। त्यहाँ, सृञ्जन, वृष्णि यादव तथा पाञ्चालका भूपतिहरूलाई पनि आमन्त्रण गरिएको हुन्छ। सभाले वचन अनुसार कौरवले पाण्डवहरूको राज्य फिर्ता गर्नुपर्ने र फिर्ता नमानेमा लडेर पनि फिर्ता लिनु पर्ने निष्कर्ष निकाल्छन् । उता दुर्योधन पनि युद्धको तयारी गर्न थाल्दछ । पाण्डवहरूले द्रुपदका पुरोहितलाई दूत बनाएर हस्तिनापुर पठाउँछन् । दुर्योधनले राज्य फिर्ता गर्न नमानेको भन्दै दूत फर्कन्छ । कृष्णलाई लिएर आउन अर्जुन द्वारका पुग्छन् । दुर्योधनपनि त्यहाँ पुगेको हुन्छ । दुवै जनाले युद्धका लागि सहयोग मागेपछि कृष्णले आफू र आफ्ना सैनिकमध्ये एक रोज्नका लागि पहिले अर्जुनलाई मौका दिन्छन् । अर्जुनले एक्ला कृष्णलाई रोज्छन् ।

महाभारतको युद्धलाई प्रत्यक्ष हेर्न धृतराष्ट्रका लागि सञ्जयलाई बोलाई दिन्छन् । पाण्डव पक्षले विभिन्न बाजा बजाएर युद्धको तयारी गर्छ । भीम, काशीराज, धृष्टकेतु, सात्यकि, द्रौपदी आदि पाण्डव पक्षका द्रौणी, कर्ण, भीष्म, द्रोण आदि कौरव पक्षका योद्धाहरू भएको चर्चा गरिन्छ । युद्धमा कृष्ण अर्जुनको रथको सारथी बन्छन् । युद्धको बिच भागबाट अर्जुनले कौरवका सेनालाई हेर्छन् । त्यहाँ उनले भाइ, पुत्र, मामा, काका लगायतका थुप्रै बन्धु वान्धवहरूलाई देख्छन् त्यो देखेर उनी आफ्ना अङ्गहरू शिथिल हुँदै गएको, घाँटी र मुख सुक्दै गएको, शरीर काम्न थालेको, गाण्डीव खस्तै जान थालेको कुरा कृष्णसमक्ष राख्दछन् ।उनी आफूले युद्ध गरी बन्धु वान्धवहरूलाई नमार्ने विचार व्यक्त गर्दछन् । सद्धर्म नाश हुने, पाप बढ्ने, विनाश हुने यस्तो युद्ध लडेर राज्यको सुखभोग नगर्ने भन्दै गाण्डीव फालेर उनी रथमा चढ्छन् । कृष्ण यस्तो विचारले अपकृति फैलने र दुर्गति हुने भन्दै कायरता र नपुंसकतालाई त्यागेर रणमा शत्रुलाई मार्न तयार हुनुपर्ने भनी अर्जुनलाई सम्झाउँछन् ।

अर्जुन, भीष्म, द्रोणाचार्य आदिलाई बाण प्रहार गर्न नसक्ने बताउँछन् । अर्जुनका कुरा सुनिसकेपछि कृष्ण उनलाई इन्द्रियको क्षणिकता, देहको विनाशशीलता, आत्माको अमरता र क्षेत्रीय धर्मका बारेमा बताउँछन् । धीर मानिस मोक्षको अधिकारी हुन्छ । आत्मा कहिल्यै मर्दैन, यो नित्य भएकोले मर्नु र मार्नु एउटै कुरा हुन्, जीर्ण वस्त्रलाई बदले जस्तै बुढो शरीर त्यागिन्छ, तर आत्मा रहिरहन्छ भन्दै कृष्ण अर्जुनलाई सम्झाउँछन् । उनी मर्नेको जन्म हुन्छ र जन्मेपछि अवश्यै मरिन्छ त्यसैले शोक गर्नु व्यर्थ भएको बताउँछन् । योद्धा क्षेत्रीयलाई युद्ध भन्दा श्रेयष्कर अरू केही हुँदैन, उसका लागि युद्ध नै धर्म हो, युद्धबाट नै स्वर्गको द्वार खुल्ला हुन्छ भनी कृष्ण अर्जुनलाई सम्झाउँछन् । उनी युद्धबाट विरत हुनाले दुनियाँले दुर्वाच्य बोल्ला, खिस्याउला भन्दै लडाइँ जितेर स्वर्ग प्राप्त गर्न पृथ्वीको वैभव भोग्नका लागि अग्रसर हुन आग्रह गर्दछन् । फलको आश नगरी कर्म गर्नु पर्दछ भन्दै जसले ममा अभ्यास गर्दछ त्यसले मलाई भेट्नेछ, स्थिति, उत्पत्ति, नाश आफ्नो हातको कुरा भएको भनी अर्जुनलाई सम्झाउँछन् ।

अर्जुनले हेर्ने इच्छा गरेपछि कृष्णले आफ्नो दिव्य विराटरूप धारण गर्दछन् । त्यस भित्र हजारौं नेत्र,बाहु,मुख, पद, गहना, नाना, शस्त्रास्त्रधारी अतुल बल तथा शौर्य,आश्चर्यमय शक्ति देखिन्छन् । यो सृष्टिमा भएका सारा प्राणी ब्रह्मा, शम्भु, फणीन्द्र, ऋषिमुनि, ज्ञानी, हजारौं थरिका सर्प अर्जुनले त्यहीं देख्छन् । अर्जुनले त्यस्तो अग्नि जस्तै ज्वाजल्यमान रूप पहिले कहिल्यै नदेखेको विचार कृष्ण समक्ष प्रकट गर्दछन् । कृष्ण अर्जुनसँग आफू देवको पनि देव र कालको पनि काल भएको बताउँदै कौरवहरू आफैंद्वारा वध्य भएकाले डर र कुशङ्का त्यागेर युद्धका लागि तत्पर हुन आह्वान गर्दछन् । आफू अबुझ भएर बारम्बार प्रश्न गरेकोमा अर्जुन कृष्णसँग क्षमा माग्दछन् र उनलाई सामान्य रूपधारण गर्न अनुरोध गर्दछन् । त्यसपछि ज्ञान पाएर आफूचेतनामा स्थित भएको, संसयहरू सबै हटेको र कृष्णले भनेका सबै कुरा पालन गर्ने बताउँछन् । युद्धका लागि अर्जुन तयार भएपछि युधिष्ठिरले भीष्म लगायतका कौरव पक्षीय मान्यजनहरूसँग युद्धको आज्ञा माग्दछन् । तत् पश्चात् युद्ध प्रारम्भ हुन्छ । अठ्ठार दिनसम्म भीषण युद्ध हुन्छ । विनाशको लीला चल्छ । युद्ध समाप्त भएपछि धृतराष्ट्रलाई युधिष्ठिर भन्दछन्- हे राजन ! महाभारतको युद्धमा जम्मा एक अरव छयसठ्ठी करोड, वीस हजार १,६६,००,२०,००० मारिए । २४,१६५ सैनिक वेपत्ता भए ।

ISSN 2676–1297
**Volume 8** **Issue 15** **April/May 2026**

'मोदिआइन' उपन्यासले महाभारतका उपर्युक्त घटनाहरूलाई सम्पूर्ण रूपले प्रस्तुत नगरी तिनलाई सूच्य वा साङ्केतिक रूपमा प्रस्तुत गरेको छ। उपन्यासमा महाभारतीय मिथकमा रहेका उपर्युक्त घटनाहरूलाई जस्ताको तस्तै प्रस्तुत नगरी नयाँ सन्दर्भ प्रदान गरिएको छ। हिंसा र युद्धको अन्त्य भई शान्ति र मानवता स्थापित भए मात्र सभ्यता समुन्नत हुने विचारलाई अभिव्यक्त गर्नका लागि यसमा महाभारतको उपर्युक्त मिथकलाई विषयवस्तुको मूलआधार बनाइएको छ।

**मिथकीय विषयवस्तु**

*मोदिआइन* उपन्यासको कथा वस्तुको मूलआधार महाभारतको मिथक हो । यसमा पृष्ठभूमिको रूपमा म पात्र र मिसिरजी दरभङ्गा गएको र मोदिआइन कहाँ बसेको प्रसङ्ग आएको छ। सुत्ने समयमा मोदिआइन ले म पात्रलाई कथा सुनाउँछे। यस क्रममा पाण्डव र कौरवका बिच उत्पन्न भएको राज्यसम्बन्धी विवाद, कृष्णले अर्जुनलाई युद्धका लागि प्रेरित गरेको प्रसङ्ग दुई पक्ष विचको भयङ्कर युद्ध र त्यसको परिणामलाई चित्रण गरिएको छ। महाभारतको उपर्युक्त घटनाहरूको संयोजनबाट हिंसा, बर्बरताको विरोध एवम् मानवतावादी जीवन मूल्यको वकालत गरिएको छ। त्यसैले यस उपन्यासमा प्राचीन विषयवस्तुलाई नयाँ सान्दर्भिकताका साथ प्रस्तुत गरिएको छ। यसैबाट कथावस्तु निर्मित छ।

उपन्यासमा नारीको सन्दर्भ मिथकको पुनर्व्याख्याका क्रममा जोडिएर आएको छ। उपन्यासको प्रारम्भदेखि हडाहा पोखरीको उत्पत्तिको सन्दर्भ सम्मका घटनाक्रमहरू उपन्यासकारले महाभारतको युद्धबाट प्रताडित नारीहरूको अवस्थालाई देखाउने क्रममा त्यसको पृष्ठभूमि बनेर आएका छन् भने म पात्र मिसिरजी घर फर्किएपछि उपन्यास टुङ्गिएको छ। मूल मिथकमा यिनको चर्चा नभएपनि मोदिआइन, मछुवारिन र हडाहा पोखरीको सन्दर्भलाई उपन्यासकारले महाभारतको युद्धसँग जोडेर हेर्न खोजेका छन्। 'मोदिआइन' कथा भन्दै जाँदा नारीमा रूपायित हुनु, मछुवारिन हाँस्दा तान्त्रिकलाई उसको अनुहार प्राचीन नारीको जस्तै लाग्नु र कुरा गर्दागर्दै मछुवारिन लोप हुनुजस्ता घटनाहरू अवास्तविक लागे पनि औपन्यासिक कथ्यलाई मर्मस्पर्शी बनाउने क्रममा यी प्रसङ्गहरूको संयोजन गरिएको छ। यिनको सम्बन्ध अप्रत्यक्ष रूपमा महाभारतको युद्धसँग गाँसिएर आएको छ। हडाहा पोखरीलाई महाभारतकालसँग जोड्दै उपन्यासमा मोदिआइन भन्छे 'यो बडो प्राचीन पोखरी हो, महाभारतको पालाको जब कि यो ठाउँ आटव्य जङ्गल थियो, जसको बिचमा एउटा सानो पोखरी थियो' (कोइराला,२०६४, पृ.१३)। तान्त्रिकले किनेको रहु माछालाई चीलले टिपेर लैजान्छ, तर पचास डेग परपुगेपछि त्यो रहु माछा भुइँमा खस्छ। त्यसपछि मछुवारिन हास्छे र तान्त्रिकलाई भन्छे :

> *...हाँसेको किनभने कलियुगमा मानिस मात्र खिइएनन् कि पशुपंक्षी पनि खिइसके। हेर न त्यो रहुलाई चीलले उडाएर लैजान सकेन। पहिले-पहिले मानिसहरू पराक्रमी र हात्तीजस्ता शक्ति राख्ने हुन्थे र पशुपंक्षी पनि त्यस्तै बलिया। महाभारतको पालामा कुरुक्षेत्रबाट एउटा योद्धाको शरीरलाई टिपेर उडेको चीलले यही वापीमा आएर त्यस शवलाई फ्याँकेको थियो। कहाँ कुरुक्षेत्र र कहाँ दरभङ्गा। त्यत्रो दूरी! र योद्धाको भारी शरीरलाई बोकेर उड्नु यति टाढा। कत्रा चील हुँदा हुन्, कति शक्तिशाली, तिनताका (कोइराला,२०६४, पृ.१४-१५)।*

मछुवारिनको अनुहारमा प्राचीन नारीको झलक देखिनु, त्यसले तान्त्रिकलाई महाभारतको युद्धमा चीलले एउटा योद्धाको मृत शरीरलाई वापीमा फालेको बताउनु र कुरा गर्दागर्दै मछुवारिन लोप भएको प्रसङ्गले तान्त्रिकलाई उक्त वापीमा महाभारत कालीन योद्धाका अवशेष प्राप्त हुन्छन् कि भन्ने आश जाग्छ र राजालाई उक्त वापी खन्नु पर्ने सल्लाह दिन्छ। 'मोदिआइन'म पात्रलाई कथा सुनाउँदै भन्छेः

> *.... तान्त्रिक कै सल्लाहले वापीलाई खन्ने निर्णय भयो महाभारतको योद्धाको शरीरको हाड केही फेला पर्छ कि भनेर। पाँच हजार ज्यामीले छ महिनामा रात दिन गरेर यसलाई खने। धेरै हाडखोड पाइयो। तिनलाई गङ्गाजीमा लगेर अनुष्ठानपूर्वक सेलाए। त्यहाँको यो सानो वापी खनिएर यत्रो ठूलो पोखरी भयो र यहाँबाट हाड पाइया हुनाले यसलाई हडाहा पोखरी भन्छन् (कोइराला,२०६४, पृ.१५)।*

म पात्रले महाभारतकालका मानिसहरू पछिसम्म बाँच्थे र भन्ने जिज्ञासा राख्दा 'मोदिआइन' भन्छेः 'किन बाच्दैनन् ?' प्रेतात्मा भएर जुगजुगान्तर सम्म बाँचिराख्छन्। आफ्ना प्रियजनहरूको नजिकै भइरहन खोज्छन्। कुनै वाञ्छाले, कुनै न कुनै पूर्ति नभएको कामनाले, उनीहरूलाई अमर पारेर मृत्युलोकमा दृश्य-अदृश्य आकार रूपमा घुमाइरहन्छ' (कोइराला, २०६४, पृ.१६)। यसरी यी प्रसङ्गहरू अप्रत्यक्ष ढङ्गले महाभारत कालसँग जोडिएर आएका छन्।

क्षेत्री परिवार र बालिकाको प्रसङ्ग, पाण्डवहरूको वनवास पश्चात् अरूजस्तै क्षेत्रीयपरिवार पनि हस्तिनापुर जानु, नारी र सैनिक युवकको स्वयंवर हुनु, नारीहरू युद्धको आशंकाले त्रसित हुनु, नारीको पति युद्धकालागि बिदा मागेर हिँड्नु आदि जस्ता घटना र प्रसङ्गहरू मूल मिथकमा उल्लेख भएका छैनन् । उपन्यासमा भने हस्तिनापुरको विवाद र कुरुक्षेत्रको युद्धसँग अभिन्न बनेर यी घटनाहरू आएका छन् । मिथकको विषयलाई लिएर समसामयिकतामा ढाल्न, त्यसका माध्यमबाट युद्धपीडित मानव मनोदशा, पीडा र परिणामको अभिव्यक्त दिन उपन्यासभित्र यिनलाई समेटिएको छ । यो उपन्यासको महत्त्वपूर्ण पक्ष बनेर आएको छ। म पात्र र मिसिरजी दरभङ्गा गई मोदिआइनकहाँ बसेदेखि मछुवारिन र हडाहा पोखरीको प्रसङ्ग, युद्धबाट प्रभावित नारीहरूको अवस्था र म पात्र र मिसिरजी दरभङ्गाबाट घर फर्किंदा सम्मका घटनाहरू मूल मिथकमा नरहे पनि यिनले उपन्यासकारको मूल मिथकलाई पुनर्व्याख्या गरी अभिव्यक्त गर्न खोजेको विचारलाई मार्मिक, कलात्मक र प्रभावकारी बनाउन सहयोग गरेका छन् ।

महाभारतको मिथकमा रहेको कौरव र पाण्डवको विवाद र युद्धलाई मूल विषय बनाएको 'मोदिआइन' उपन्यासले त्यसलाई समसामयिक सान्दर्भिकतामा ढालेर प्रस्तुत गरेको छ। यसले महाभारतको युद्धमा कृष्णले खेलेको भूमिकाप्रति असहमति जनाउँदै मिथकको पुर्नव्याख्या गरेको छ। यसमा मिथकका माध्यमबाट हिंसा र युद्ध होइन शान्ति र मानवता सभ्यता संयुक्त हुन्छ भन्ने सन्देश प्रमुख औपन्यासिक कथ्य बनेर आएको छ । यस उपन्यासमा प्रयुक्त मिथकको सान्दर्भिकतालाई यसप्रकार देखाउन सकिन्छ।

उपन्यासमा मूलरूपमा मोदिआइन मार्फत् विचारलाई प्रक्षेपण गरिएको छ। उपन्यासकारले तत्कालीन नारीले भोग्नु परेको समस्यासँग वर्तमान परिप्रेक्ष्यसँग जोडेर राजनीतिक खिचातानीमा देखभित्रको आन्तरिक द्वन्द्व र त्यसले निम्त्याइको अवस्थालाई देखाउन खोजेका छन्। प्रथम विश्वयुद्ध र द्वितीय विश्वयुद्धमा लडेका नेपाली वीर योद्धाहरू र तिनका पत्नीले भोग्नु परेको शाारिरीक तथा मानसिक तनावका साथै त्यसैको तुलनामा त्यसको आधार महाभारतको युद्ध बनेर आएको छ। मोदिआइन मूल मिथकमा प्रत्यक्ष रूपमा देखिने वा वर्णित चरित्र नभएपनि नारीले भोग्नु परेका पीडाको कारण रूपमा महाभारतको युद्ध रहेकोले त्यस युद्धमा संलग्न पुरुषहरूको मृत्यु पश्चात् नारीहरूको जुन दुर्दशा भयो तिनै नारीहरूको प्रतिनिधित्व गर्ने पात्र हो जुन वर्तमान सन्दर्भमा विभिन्न आन्तरिक तथा बाह्य युद्धका कारणले भोग्नुपरेको युगलाई सङ्केत गर्दछ। महाभारतको स्त्रीपर्वमा गान्धारी युद्धबाट नारीहरू पीडित भएको दुःखेसो कृष्णसामु प्रकट गर्छिन्। उनी सृञ्जन, कुरु र पाञ्चालका रानीहरू आफ्ना पतिहरू खोज्दै रणभूमिमा विलाप गरिरहेको, भर्खरै यौवनमा प्रवेश गरेका छोरी बुहारी रोइरहेको र कतिले युद्धभूमिमा आफ्ना दाजुभाइ, बन्धुवान्धवका अङ्गहरू खोजिरहेको कुरा कृष्णलाई भन्छिन् । महाभारतको युद्धपछि गान्धारी मार्फत् प्रकट भएको यस्तो विचारले उपन्यासकारलाई पनि छोएको र त्यसै आधारमा मोदिआइन, मछुवारिन र नारीको चरित्र सृष्टि भएको देखिन्छ। वर्तमान घटनासँग सापेक्ष सम्बन्ध राख्ने यस्ता घटनाले आधुनिक समाजमा नारीमाथि परेको प्रभावलाई स्पष्ट पारेको छ । त्यसैले मिथकमा वर्णित नभएपनि मोदिआइन महाभारतको युद्धसँग सम्बन्ध राख्ने चरित्रका रूपमा चित्रित भएकी छ।

> *...युगयुगदेखि मेरो प्राणनाथको शरीर खसेको थलोमा आएर बसिरहेकी छु, अनन्तसम्म बसिरहने छु। यस तलाउका किनारामा, जुन थलोलाई मेरा लागि मेरो प्रेमीको शरीरको अन्तिम स्पर्शले प्रिय बनाएको छ हामी लाखौं नारी महाभारतको युद्धमा विधवा भएका, ठाउँ-ठाउँमा युगयुगदेखि पर्खी बसेका छौं मरेका प्याराका लागि ... ...(कोइराला, २०६४, पृ.४१)।*

उपन्यासकारको दृष्टिकोण प्रक्षेपण गर्ने प्रमुख पात्र 'मोदिआइन' भएपनि दृष्टिकोण निर्माणको मूल आधार महाभारतको मिथक हो । यस मिथक अन्तर्गत रहेका कृष्ण, अर्जुन, युधिष्ठिर, दुर्योधन, भीम, द्रौपदी आदि पात्रहरूको व्यवहार र क्रियाकलापबाट नै उपन्यासको केन्द्रीय तथ्य निर्मित हुन सहयोग पुगेको छ। मोदिआइन मार्फत् उपन्यासकारले युद्धको पीडामा रहेका नारीहरूको पक्षमा वकालत गर्दै हिंसा र युद्धबाट झनझन समस्या बढ्दै जाने तथा कालान्तरमा समेत यसको प्रभाव रहने भएकाले युद्धबाट टाढा रहन वैचारिक रूपमा सम्पूर्ण मानव जातिलाई आग्रह गरेका छन्।

उपन्यासमा नारीहरू पाण्डव र कौरवका बिचमा युद्ध नभएर मेलमिलाप भएको हेर्न चाहन्छन्। उनीहरू शान्तिको पक्षमा छन्। शान्ति भयो भने सुख र रमाइलोको साथ जीवन बाँच्न पाइएला भन्ने उनीहरूको आशा छ। यसै पृष्ठभूमिमा

उपन्यासमा कृष्ण देखापर्दछन् । कृष्ण पाण्डव र कौरवका बिचमा उत्पन्न विवादको मध्यस्तता गर्न आएको हल्ला चल्छ । नारीहरूमा यसले आशाको सञ्चार गर्दछ । यदुवंशका शिरोमणि, वृष्णि वंशका नेता, वीरपुरुष, मथुरा, गोकुल, लीलाहरूका नायकका रूपमा नारीहरूले कृष्णका बारेमा धेरै सुनेका हुन्छन् । उनको मध्यस्तताले अवश्य नै युद्ध टर्नेछ भन्ने नारीहरूलाई लाग्दछ । तर नारीहरूको यस्तो आशा धेरै समय रहन पाउँदैन । केही समयपछि उनीहरू कृष्णले युद्धका लागि पाण्डवहरूलाई उकासिरहेका छन् रे भन्ने हल्ला सुन्छन् । यसबारेमा उपन्यासमा नारीहरू यस्तो भन्छन्- 'कृष्णले छल गरिरहेका छन् । साँचो किसिमबाट मध्यस्तता गर्न थालेका छैनन् रे । कोइकोइ त यहाँसम्म पनि भन्न थालेका छन् रे कि कृष्ण देउताका अवतार हुन् । भूभार हर्न ठूलो समर रचाउन आएका हुन् पृथ्वीमा' (कोइराला,२०६४, पृ.३१) । अन्ततः युद्ध टर्न सक्दैन, नारीका आकांक्षा पूरा हुँदैनन् कुरुक्षेत्रमा युद्धको व्यापक तयारी हुन्छ । कृष्णले अर्जुन र दुर्योधनलाई आफू र आफ्नो सेनामध्ये एक रोज्न लगाउँछन् । अर्जुनले कृष्णलाई रोज्छन् भने दुर्योधनले कृष्णको अक्षौहिणी सेनालाई रोज्छ । कृष्ण र उनको सेना युद्धमा बाँडिन्छ । युद्ध अवश्यम्भावी बन्दै गएको परिप्रेक्ष्यमा युद्धको मैदानबाट अर्जुनको युद्धविरोधी वाणी सुनिन्छ । अर्जुन भन्छन्ः 'मधुसूदन, सामुन्ने उपस्थित भएका युद्धका लागि आएका यी मेरा स्वजन समुदायलाई मारेर न विजय चाहन्छु न राज्य, न कुनै प्रकारको सुख' (कोइराला, २०६४, पृ.३६-३७)। यसले नारीलाई दैवत्वमाथि मानवताको विजय हुन आँटेझैं लाग्छ । तर कृष्ण अर्जुनको यस धारणाप्रति सहमत छैनन् । उनी अर्जुनलाई सम्झाउँदै भन्छन्ः 'हे पार्थ, तिमीलाई मोहले आक्रान्त गरेको छ । उठाऊ गाण्डीव र प्रविष्ट होऊ युद्धमा यसमा विजयी भयौ भने पृथ्वीको भोग गरौला र कथंकदाचित मारियौ भने स्वर्गको भोग गर्न पुगौला' (कोइराला, २०६४, पृ.३७) ।

यसरी कृष्णले युद्धका लागि अर्जुनलाई प्रेरित गरिरहेका छन् । पाण्डवहरूलाई राज्याधिकार दिन नचाहने कौरव पक्षलाई हिंसाको लीला रचेर समाप्त पार्ने योजनामा कृष्ण लागिरहेका छन् । तर अर्जुनको मानव हृदयले मुन्टो हल्लाएर कृष्णको उपदेशलाई इन्कार गर्छ । कृष्णले अनेक तरहबाट अर्जुनलाई सम्झाउँछन् । तर स्वजन हत्याको अमानवीय र क्रुर कार्यबाट टाढै रहने अर्जुनको छाँटकाँट देखेपछि कृष्ण अर्जुनलाई अनासक्त र निस्पृह भई सबै वैरीहरूलाई मार्ने उपदेश दिन्छन् । कृष्णको यस्तो उपदेशलाई नारी निर्मम ठान्छे । मानव भनेको सानातिना आशाबाट परिचालित हुने प्राणी भएकोले मानव र देवतामा भिन्नता भएको कुरा गर्दछे । देवता करुणाहीन हुन सक्छ, अजम्बरी हुन सक्छ, निष्काम हुन सक्छ, तर मानव यस्तो हुन सक्दैन भन्दै कृष्णलाई नारी भन्छे-

> *... कृष्ण यो कस्तो कर्तव्यको प्रेरणा हो तिम्रो, समरका लागि आफ्नो सखा अर्जुनलाई बारबार उकासि रहने । के मानव जीवन त्यसै मृत्युको दुर्दमनीय सिमानामा चारैतिरबाट सङ्कुचित भएको छैन र तिमी मृत्युलाई अस्वाभाविक किसिमबाट आह्वान गरेर त्यसलाई कर्तव्यको संज्ञा दिन्छौ ? अर्जुन तमाम मनुष्य नारीका हृदयको आशीर्वाद लेउ तिमी । तिमी देवसम्मुख मानवीय सत्य स्थापित गरिरहेका छौ निर्भय भएर । अडिरहु अर्जुन, तिमी अडिरहु (कोइराला,२०६, पृ. ३८)।*

मानव जीवन आफै पनिअमर छैन, मृत्यु अवश्यम्भावी छ, उसले जति जीवन पाएको छ वा बाँच्छ, त्यसलाई सुख र आनन्दका साथ बाँच्न दिनुपर्दछ भन्ने भावना यहाँ प्रकट भएको छ । तर कृष्णको युद्धप्रतिको चाहनाले त्यसो हुन दिँदैन । उनी युद्धको आयोजना गरी मानिसलाई अस्वाभाविक मृत्युतर्फ धकेल्न उद्यत छन् । त्यसको ठीक विपरीत मानवसत्य वा मानवता स्थापित गर्नका लागि अग्रसर हुन उपन्यासकार नारी मार्फत् अर्जुनलाई आग्रह गरिरहेका छन् । यहाँनिर कृष्णको विचार हिंसामुखी र अमानवीय भएकोले ठीक होइन भन्ने सन्देश प्रकट भएको छ । उपन्यासकार उपन्यासमार्फत् यस्ता कृष्णरूपी चरित्रले गर्दा वर्तमान समयमा हत्या, हिंसा लुटपाट तथा राजनीतिक अस्थिरता रहेको चर्चा गर्दै यस्ता कृष्णहरू कुनै पनि समयमा सक्रिय रहन्छन् र युद्धको पीडामा आममानव समुदाय पीडित हुनु परेको यथार्थको चित्रण गर्दै, आफ्नो मपाइँत्वमा भएका विभिन्न युद्धको युग सापेक्षतालाई अभिव्यक्ति गर्दछन् ।

कृष्णरूपी चरित्रहरू अर्जुनहरूलाई हिंसाप्रति उत्प्रेरित गराइ युद्ध गराउँछन् भन्ने सत्यलाई समेत उपन्यासमा प्रस्तुत गरिएको छ । उपन्यासमा वर्णित घटनामा अर्जुन हिंसा विरोधी विचारमा अडिग रहन्छन् । आफूपरब्रह्म परमेश्वर, आदर्श, लक्ष्य र प्रार्थनाको हेतु भएकोले आफूमाथि विश्वास राख्नुपर्ने भन्दै कृष्ण अर्जुनलाई सम्झाउँछन् । यसरी बारम्बार कृष्णका उपदेशहरू श्रवण गर्दै जाँदा अर्जुन शिथिल बन्दै जान्छन् । ईश्वरीय शक्तिका अधिल्तिर उनी कमजोर बन्दै जान्छन् । उनमा कृष्णको उपदेशले प्रभाव पार्दै जान्छ । अन्तमा कृष्ण अर्जुनलाई आफ्नो ईश्वरीय विराट स्वरूपको दर्शन गराउँछन् । तत्पश्चात् अर्जुनको मानव ईश्वरारूढ हुन्छ । उनी मानव रहँदैनन्, देवतामा रूपायित हुन्छन् । उनको बलियो भुजा

काँप्छ । उनी पहिले फ्याँकेको गाण्डीव उठाउँछन् र त्यसमा प्रत्यञ्चा चढाउँछन् । रणक्षेत्रको निस्तब्धता भङ्ग हुन्छ । शङ्ख र भेरीको निनाद एवम् सैनिकहरूको हुङ्कारले रणभूमि कम्पित हुन्छ । अर्जुनको गाण्डीव टङ्कारका साथ कुरुक्षेत्रमा जुध्न थाल्छ । फलस्वरूप कुरुक्षेत्रमा अठार दिनसम्म मर्ने मार्ने खेल चलि रहन्छ । जीवनको अर्थ र मूल्य मृत्युसँग साटिन्छ । युद्धको उन्मादले एकैदिनमा हजारौं योद्धा काटिन्छन् । हिंसा र पाशविकताले सभ्यतालाई कलङ्कित बनाउँछ ।

ईश्वर भएर पनि हिंसाको प्यासी बनेर कृष्ण महाभारतमा प्रस्तुत भए त्यस्तै वर्तमान समयका राजनेताहरू आफू महान् बन्न तद्अनुरूपका कार्य गरिरहेका छन् भन्दै । हिंसालाई प्यारो ठान्ने देवत्वमाथि व्यङ्ग्य गर्दै उपन्यासमा भनिएको छ : ' स्वर्गको कुन थलामा भोकाएको ईश्वर बसिरहेका थिए, उनको क्षुधा अझै निवारण भएको छैन । नरमुण्डमाथि नरमुण्ड चढाउ उनलाई,मानिसका लासको हिमालय उनका सम्मुख खडा गर, बगाउ शोणितको रक्तिम गङ्गा उनको प्यास मेटाउन' (कोइराला, २०६४, पृ.४०) नरहत्या नगर्ने विचार गरी गाण्डीव फ्याँकेका अर्जुनलाई युद्धका लागि कृष्णले बारम्बार उकासिरहे । ईश्वरीय शक्तिले कमजोर बनाउँदै उनलाई हिंसातर्फ उन्मुख गराए । यदि अर्जुनको विचारले विजय प्राप्त गरेको भए न त कुरुक्षेत्रमा युद्ध नै हुन्थ्यो, न त मानिसहरूको लासको थुप्रो लाग्थ्यो । त्यसैगरी लाखौं लाख स्त्रीहरूले वैधव्य धारण गर्नुपर्ने थिएन र प्रेतात्मा रूप लिई कहिले मछुवारिन त कहिले मोदिआइन बनेर आफ्ना पतिहरूको प्रतिरक्षा गरेर बस्नु पर्ने थिएन । कृष्णको भूमिकाले नै नारीका आकांक्षाहरू पूरा हुन सकेनन्, विनाशकारी युद्ध भयो र मानिसले आफूलाई नचाहाँदा नचाहँदै मृत्युको बलिवेदीमा होम्नुपर्ने अवस्थाको सिर्जना भयो । लाखौं लाखको मृत्युपश्चात् काटिने गर्धन समाप्त भएपछि युद्ध रोकियो । यो विनाशकारी हिंसाका कारण नारीहरू पागल जस्तै भएर बाँच्न वाध्य भए । युद्धले निम्त्याएको विकराल र दर्दनाक परिस्थितिलाई उपन्यासमा नारी यसरी प्रकट गर्दछे-

> *अन्तमा मृत्युको यन्त्र थामियो, छेदित हुने ग्रीवाको अभावमा युद्धमा केवल सातजना बाँकी रहे, लाखौ पुरुष मारिए । पृथ्वी पुरुषबाट शून्य भयो । केवल विधवा नारी आफ्ना असहाय बाल सन्तानलाई आफ्नो पागल छातिमा टाँसेर बाँचि रहे यस लोकमा । कुरुक्षेत्र लाखौं मृत शरीरले पाटियो । त्यसपछि कुरुक्षेत्र श्वान, श्रृङ्गाल, गिद्ध तथा अरू मांसभक्षी पशुपक्षिंहरूको अमङ्गलकारी क्रिडा र स्वले मुखरित भईरह्यो दुर्गन्धिले भरियो* (कोइराला, २०६४, पृ.४०) ।

महाभारतको युद्ध पश्चात् पृथ्वीमा केवल सात पुरुषमात्र बाँकी रहने, नारीहरू सन्तानकाखमा राखी पागल बनेर हिंड्नुपर्ने, गिद्ध र स्यालहरूले मान्छेका लासहरूलाई लुछ्नु पर्ने अवस्थाको कारक कृष्ण भएको ठहर उपन्यासकार कोइरालाले गरेका छन् अर्जुनलाई उक्साएर युद्धमा होम्ने कृष्णकै कारण कुरुक्षेत्रमा बर्वरता र पाशविकताले स्थान पाएको हो भन्ने उनको विचार रहेको छ । आजको समयमा पनि कृष्णरूपी नायकत्व ग्रहण गर्ने नेतृत्वका कारण युद्धजन्य घटनाहरू घटिरहेका छन् भन्दै अमेरिकाको नायकत्वलाई युगीन सान्दर्भिकतासँग जोडेर हेर्न सकिन्छ ।

ईश्वरको विवेक गुमेकाले मानवको विनाश भयो सभ्यतामा कहिल्यै नमेटिने कलङ्क लाग्यो । मूल मिथकका अनुसार सत्य धर्म स्थापनाका लागि कृष्णले महाभारतको युद्धमा आफूलाई पाण्डवको तर्फबाट होमे र कौरवको अन्याय परास्त गरे भनिन्छ । तर उपन्यासले यस धारणाप्रति असहमति जनाएको छ । यदि कृष्णले पाण्डव रकौरवका बिचमा राम्रो ढङ्गले मध्यस्तता गरेको भए युद्धको स्थिति आउने थिएन । युधिष्ठिरले पाँचओटा गाउँ भए पुग्ने विचार व्यक्त गरेकै थिए भने अर्जुनले आफन्तहरूसँग युद्ध नगर्ने धारणा प्रष्टसँग कृष्णका सामु राखेका थिए । पाण्डवहरूले अधिकतम लचकता अपनाएका छन् भन्दै कृष्णले कौरव पक्षलाई समझदारीमा ल्याउने प्रयत्न गर्नुपर्थ्यो । तर उनले यसो नगरी उल्टै अर्जुनलाई युद्धका लागि उकासे । उनले आफ्नो दिव्य स्वरूप अर्जुनलाई मात्र नदेखाएर दुर्योधनलाई पनि देखाउनु पर्थ्यो । यसले दुर्योधनको घमण्डलाई निस्तेज गर्न सक्थ्यो । उसको घमण्ड निस्तेज भएको भए मिलापको वातावरण सिर्जना हुन सक्थ्यो । यतातर्फ कृष्णले ध्यान दिएनन् । उनी केवल अर्जुनलाई उचालेर युद्धको लीला रच्न उद्यत भइरहे । अन्ततः युद्ध भयो र त्यसले विनाश गर्‍यो । यसरी उपन्यासमा महाभारतको युद्ध र विनाशको प्रमुख कारक कृष्ण भएको विचार प्रकट गरिएको छ । उनलाई धर्म र सत्यका संस्थापक नमानी हिंसा र विनाशका कारक मानिएको छ । उनको भूमिका र दर्शनका कारण नै भीषण युद्ध र बर्बर हिंसा भएको भन्दै उपन्यासले त्यसप्रति असहमति प्रकट गरेको छ । यसरी उपन्यासमा कृष्णको मिथक पुनर्व्याख्या पनि भएको छ ।

यसरी महाभारतको विषय, पात्र र परिवेशलाई मूल आधार बनाएर रचना गरिएको उपन्यासले त्यसको माध्यमबाट युद्ध र हिंसाको विरोध गर्दै शान्ति र मानवताको वकालत गरेको छ र यसैबाट सुखी जीवन र समुन्नत सभ्यता प्राप्त हुने सन्देश दिएको छ। यसरी उपन्यासमा मिथक समसामयिक सान्दर्भिक विषयलाई प्रस्तुत गरिएको छ।

**निष्कर्ष**

*मोदिआइन* उपन्यासको मुख्य विषय महाभारतमा रहेको पाण्डव र कौरवको विवाद, तिनका बिचमा भएको भीषण युद्ध र त्यो युद्धमा कृष्ण र अर्जुनले निर्वाह गरेको भूमिका हो । यिनै घटनाहरूसँग सन्दर्भित गरेर नारी मनोदशा र तिनको अवस्थालाई चित्रित गरिएको छ। यति भएर पनि महाभारतकालीन नारीहरूले विभिन्न युगमा प्रेतात्मा रूप धारण गरेको, कृष्णले विराट स्वरूप लिएको यस्तो स्वरूप देखेर अर्जुन युद्धका लागि तम्तयार भएको भन्ने जस्ता घटना र प्रसङ्गहरूले उपन्यासको कथावस्तुलाई अविश्वसनीय बनाएका छन् । ती एकाध प्रसङ्गहरू उपन्यासको कमजोर पक्ष बनेर आएको छ। लघु संरचनाको उपन्यास भए पनि बहुल पात्रको प्रयोग उपन्यासको विशेषता बनेर आएको छ। यसमा मिथक भित्र र मिथक बाहिरका गरी दुवै प्रकारका पात्रहरूको प्रयोग भएको छ। कृष्ण, अर्जुन, युधिष्ठिर, दुर्योधन, भीम, द्रौपदी, दुःशासन, द्रुपद,विराट, सात्यकि आदि थुप्रै पात्रहरू मिथकीय पात्रहरू हुन्। नारी मिथकमा उल्लिखित पात्र नभए पनि उसले महाभारतकालीन नारीकै प्रतिनिधित्व गरेकी छ भने ‘मोदिआइन’लाई महाभारतकी नारीकै पुनर्जन्मका रूपमा प्रस्तुत गरिएको छ। त्यसैले नारी र मोदिआइन मिथकसँग सम्बन्धित पात्रका रूपमा देखापरेका छन्। म पात्र, मिसिरजी, मोदी आदि मिथक बाहिरका पात्रहरू हुन्। मूल रूपमा उपन्यासले महाभारतमा रहेको पाण्डव र कौरवको मिथकबाट हिंसा विरोधी र मानवतावादी विचारलाई प्रक्षेपण गरेको छ ।

उपन्यासले नेपालको पूर्वी तराईदेखि दरभङ्गा हुँदै हस्तिनापुर, इन्द्रप्रस्थ, कुरुक्षेत्र आदि जस्ता व्यापक स्थानगत परिवेशलाई आत्मसात् गरेको छ। हस्तिनापुर र कुरुक्षेत्र उपन्यासको प्रमुख स्थानगत परिवेशका रूपमा आएका छन्। उपन्यासको प्रमुख कालगत परिवेशका रूपमा द्वापर युग आएको छ। उपन्यासमा विशेष गरी द्वापरकालीन सांस्कृतिक, भौगोलिक, प्राकृतिक र युद्धजन्म परिवेश आएको छ। युद्धबाट पीडित नारीका दुःख र कारुणिक अवस्थाले पाठकको मनोदशालाई पनि तदनुकूल बनाउँछ। त्यसैले उपन्यासको आन्तरिक वातावरण दुःखद र कारुणिक रहेको छ। उपन्यासले महाभारतीय मिथकलाई पुनर्व्याख्या गर्दै हिंसाविरोधी र मानवतावादी विचारलाई अभिव्यक्त गरेको छ। मोदिआइन उपन्यासमा महाभारतको मिथकलाई पुनर्व्याख्या गर्दै हिंसाबाट होइन शान्तिपूर्ण र मानवीय ढङ्गले समस्याको समाधान खोजिनु पर्दछ भन्ने उदात्त मानवतावादी विचारलाई विषयवस्तु बनाएर प्रस्तुत गरिएको छ। उपन्यासले ठूलो होइन, असल बन्नु पर्ने सन्देश प्रवाहित गरेको छ। यसरी उपन्यासले महाभारतको मिथकका माध्यमबाट युद्ध र हिंसाको विरोध गर्दै मनुष्यलाई ठूलो होइन असल बन्ने सन्देश दिनुका साथै शान्ति र मानवताको बाटो हिँडेमात्र समाज र सभ्यता समुन्नत बन्न सक्छ भन्ने विचार अर्थात् भाव प्रकट गरेको छ।

**सन्दर्भ सामग्री**

अधिकारी, चन्द्रमणि,(२०६५), *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरू*, धरानः मणि प्रकाशन।
कोइराला, खेम, (२०४९),*साहित्यकार विश्वेश्वरप्रसाद कोइराला,* ते.संस्क, काठमाडौंः श्री विद्या प्रकाशन।
कोइराला, विश्वेश्वरप्रसाद,(२०६४), *मोदिआइन,* सातौं संस्क. ललितपुरः साझा प्रकाशन।
…………………,(२०६३), *सुम्निमा* , सातौं.सं., ललितपुर ः साझा प्रकाशन।
……………………,(२०६४), *हिटलर र यहुदी,* सातौं संस्क. ललितपुरः साझा प्रकाशन।
चालिसे, नारायण,(२०६०), *पूर्वीय दार्शनिक मान्यतामा कोइरालाका उपन्यास,* दाङः वी.पी. चिन्तन केन्द्र।
ढकाल, भूपति, (२०६७),*विश्वेश्वरप्रसाद कोइरालाका कथा र उपन्यासहरूको विश्लेषण,* पाँचौं संस्क. काठमाडौंः ए.वि.सी बुक्स पब्लिसर्स एण्ड डिष्टिब्युटर्स।
पाण्डेय, ताराकान्त, (२०६२), *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद,* काठमाडौं ः नेपाल आख्यान समाज।

पोखरेल, भानुभक्त, (२०४५), 'मिथक साहित्य र मिथकीय समीक्षा' *बृहत् समालोचना* शिव प्रधान (सम्पा.), सिक्किमः गान्तोक प्रकाशन।
पोखरेल, बालकृष्ण र अन्य, (२०४०), *नेपाली बृहत् शब्दकोश,* काठमाडौँ : ने.रा.प्र.प्र. ।
शर्मा, शारदा, (२०५३ ) ,*विश्वेश्वरप्रसाद कोइरालाको नारी पात्रहरू,* काठमाडौँ : रुमु प्रकाशन।
श्रेष्ठ, दयाराम, मोहनराज शर्मा,(२०४९ ) *नेपाली साहित्यको संक्षिप्त इतिहास,* चौथो.संस्क, काठमाडौँ : साझा प्रकाशन
सुवेदी, राजेन्द्र,(२०५३) *नेपाली उपन्यास परम्परा र प्रवृत्ति,* वाराणसी : भूमिका प्रकाशन, ।
Campbell, Joseph (1988), Myths to live By, New York: Bantam Books.
Kosambi, D.D (2005), Myth and Reality sixth reprinted, Bombay: Popular publications.
Spence, Lewis (1994), Introduction to Mythology**,** London: George G. Harrap and Company Ltd.
Chase, Richard (1951) Notes on the Story of Myth in Indian edn. Twentieth century criticism, the major statements, William J. Hardy and max Westbrook(Eds.)New Delhi: Light and life publisher.
Bell, Michael (2006) Anthropology and/on myth in modern criticism, Patricia Waugh (ed.)
Feud, Sigmund(2002) The Interpretation of Dreams, Indian reprinted, Julie Rivkin and Michael Ryan (eds.), Literary Theory: An Anthropology, UK: Blacle Well Publishers Ltd.
Turner, Victor W.(1968) Myth and Symbol, International Encyclopedia of the social science, David L. Stiltz (edn.)New York: MC Millon company and press.
Hawthorn, Jeremy (2000) A Glossary of contemporary Literary Theory, Fourth ed. Arnold: London.
Bodkin, Moud (1990) Archetypal patterns in poetry, the theory of criticism, from Plato to the present, fourth ed. Susanne Langer, Roman, Seldeh (edn.), UK: Longman Group.
Baldic, Chris. 1990. The Concise Oxford Dictionary of literary Terms. New York: Oxford University Press.
Bowra, C. M. 1945. From Virgil to Milton. New York: MacMillan and Co. LTD. Cuddon, J. A. 1991.
Waugh, Paricia. 2006. Literary Theory and Criticism. New York: Oxford University Press.
Frye, Northrop (1973), *Anatomy of Criticism*, Princeton: Princeton University Press.
Frazer, James George (1963), *The Golden Bough*, Abridged ed., 3rd ed., New York: The MacMillan Company.
Jung, C.G. and Kerenyi (1985), *The Science of Mythology*, New York: Routledge Classics
Morales, Hellen (2007), Classical Mythology, New York: Oxford University Press.
Strauss, Claude Levi (1986), Critical Theory, Florida State : University Press .